समाज कल्याण परिषद् आबद्धता नं. २५६७७
जि.प्र.का. दर्ता नं. ०८६/०६५

# कोशिश

## राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बन सङ्गठन

पो.ब.नं. ८९७५, इ.पी.सी., २७०६, बागडोल, ललितपुर, नेपाल
फोन नं. ०१-५१९०१०३ (मुख्य कार्यालय), ईमेलः info@koshishnepal.org, वेबसाइटः koshishnepal.org

च.नं. ०४२-७७-७८

मिति: २०७७/०५/३०

श्रीमान् नरेश पुडासैनी ज्यू
प्रमुख कार्यकारी अधिकृत
पन्चकन्या गाउँपालिका, नुवाकोट

**बिषय: कर्मचारी आवश्यकता सम्बन्धी सूचना प्रकाशित गरिदिने बारे।**

महोदय,

प्रस्तुत विषयमा कोशिश संस्थाले नुवाकोट जिल्लाको पञ्चकन्या गाउँपालिकामा "सीमान्तकृत समुदाय सशक्तिकरण कार्यक्रम" संचालन गर्न लागेको व्यहोरा यहाँलाई विदित नै छ । यसै सन्दर्भमा उक्त परियोजना लागि गाउँपालिका स्तरबाट सामुदायिक मनोसामाजिक कार्यकर्ता पदपूर्ति गर्ने योजना अनुरुप यसै पत्र साथ संलग्न गरिएको कर्मचारी आवश्यकता सम्बन्धी सूचना त्यस गाउँपालिकाको सूचना पाटीमा प्रकाशित गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

सहयोगका लागि हार्दिक आभार सहित

..............................
मात्रिका देवकोटा
कार्यकारी निर्देशक

समाज कल्याण परिषद् आबद्धता नं. २५६७७
जि.प्र.का. दर्ता नं. ०८६/०६५

# कोशिश

## राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बन सङ्गठन

पो.ब.नं. ८९७५, इ.पी.सी., २७०६, बागडोल, ललितपुर, नेपाल
फोन नं. ०१-५१९०१०३ (मुख्य कार्यालय), ईमेलः info@koshishnepal.org, वेबसाइटः koshishnepal.org

च.नं. ०४२-७७-७८ (प्रकाशित मितिः २०७७।०५।३०)

### कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

"कोशिश" २०६५ सालमा स्थापना भएको राष्ट्रियस्तरको गैरसरकारी स्वावलम्बन संगठन हो । यस संस्थाले समुदायस्तरमा मानसिक स्वास्थ्य तथा मंनोसामाजिक सुस्वास्थ्यसम्बन्धी सेवा प्रवाह र सचेतना अभिवृद्धि गर्नुका साथै मानसिक सुस्वास्थ्य र मनोसामाजिक अपाङ्गताको प्रवर्द्धनका लागि नीतिगत तहमा बहस-पैरवी गर्दै आएको छ ।

यसै सिलसिलमा कोशिश संस्थाले मनोसामाजिक समस्याबाट प्रभावित भएका र यसको जोखिममा रहेका व्यक्तिहरुको जीवनयापनमा सुधार ल्याउने उद्देश्यका साथ नुवाकोट जिल्लाको पञ्चकन्या गाउँपालिका क्षेत्रमा साझेदार संस्था माल्टिजर इन्टरनेशनलको सहयोग एवं पञ्चकन्या गाउँपालिकाको समन्वयमा **"सीमान्तकृत समुदाय सशक्तिकरण कार्यक्रम"** संचालन गर्न लागेको छ । उक्त परियोजनाको फिल्डमा आधारित पदका लागि निम्न विवरण अनुसारका कर्मचारी आवश्यक परेको हुँदा उक्त पदमा कार्य गर्न इच्छुक योग्य व्यक्तिहरुलाई दरखास्त आवेदन गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**पद : सामुदायिक मनोसामाजिक कार्यकर्ता (Community Psychosocial Worker)**

**आवश्यक संख्या : ५ (प्रत्येक वडामा १/१ जना)**

**आवश्यक योग्यता र अनुभवः**

- कम्तिमा प्रविणता प्रमाणपत्र (+२) वा सो सरह उत्तीर्ण
- राम्रो सञ्चार एवं समन्वयको कौशलता भएको
- ग्रामीण परिवेशमा कठीन परिस्थितिमा पनि कार्य गर्न सक्ने
- एक वर्ष वा सो भन्दा बढी समुदाय परिचालनको अनुभव भएको तथा
- ६ महिना मनोविमर्शकर्ताको तालिम लिएका आवेदकलाई प्राथमिकता दिइने छ

**कामको विवरणः**

- स्थानीय गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था तथा स्थानीय विद्यालय तथा अन्य संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने
- सेवाग्राहीहरुको मानसिक स्वास्थ्य अवस्थाबारे जानकारी लिने र उनीहरुलाई मानिसक तथा मनोसामाजिक स्वास्थ्य सेवासम्म पहुँचको लागि पहल गर्ने
- मानसिक स्वास्थ्यवारे समुदायमा सचेतना कार्यक्रमको सहजीकरण गर्ने
- मनोविद्हरुसँग समन्वय गरी सेवाग्राहीहरुलाई मनोविमर्श, औषधी लगायतका सहायताको आवश्यकता निक्यौल गर्ने
- आवश्यक स्थानहरुमा स्वावलम्बन समूह निर्माण, समूहको क्षमता अभिवृद्धि र सशक्तिकरणमा सहजिकरण गर्ने
- समुदायमा कोशिश तथा परियोजनाको प्रतिनिधित्व गर्दै संस्थागत सम्बन्ध एवं सञ्जाल सुदृढ गर्ने
- मासिक रुपमा कार्यक्रमको योजना तर्जुमा तथा मासिक प्रगति प्रतिवेदन तयार गर्ने

**तलब तथा सुविधा : परियोजनामा निर्दिष्ट भएबमोजिम तथा संस्थाको मानव संसाधन निर्देशिका अनुरुप हुनेछ ।**

**आवेदन प्रक्रिया :** योग्यता पुगेका इच्छुक आवेदकहरुले निवेदन, व्यक्तिगत विवरण (बायोडाटा) र योग्यता एवं अनुभवका प्रमाणपत्रहरुको प्रतिलिपि तथा रोजगार आवदेन सहितका दस्तावेजहरु पञ्चकन्या गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

**आवेदन दिने अन्तिम मिति : २०७७ असोज १५ गतेसम्म**

**छनौट प्रक्रिया :** आवेदकहरुबाट प्राप्त दस्तावेज एवं अनुभवका आधारमा छनौट गरिएका आवेदकहरुलाई मात्र अन्तर्वार्तामा बोलाइने छ । छनौट प्रक्रियाको अन्तिम निर्णय पञ्चकन्या गाउँपालिकाको सूचनापाटीमा टाँस गरिनेछ ।

**करार अवधि :** करार अवधि अक्टोबर २०२० बाट सुरु भई अप्रिल २०२३ सम्मको हुनेछ साथै करार सम्झौता हरेक अंग्रेजी वर्षको सुरुवातमा कार्यसम्पादन मुल्याङ्कनको आधारमा गरिनेछ ।

राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बन संगठन २०६५ कोशिश